छत्रकोट गाउँपालिका

Chhatrakot Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

Choyaga, Gulmi

प.सं./Ref. No.: ०७९/८०

च.नं./Dis. No.:

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

### साझेदारी कार्यक्रम संचालन गर्न ईच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मिति:२०७९।१०।१७

यस छत्रकोट गाउँपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले **"साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा कृषि र पशुमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ । आशय पत्रको ढाँचा यस छत्रकोट गाउँपालिकाको वेवसाइट www.chhatrakotmun.gov.np बाट डाउनलोड गर्न वा छत्रकोट गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । इच्छुक योग्यता पुगेका निजी क्षेत्र/गैर सरकारी संघसस्थाले तोकिएको ढाँचामा आशय पत्र निम्नानुसारको कागजात सहित पेश गर्नुपर्ने छ । म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन । आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ ।

<u>आशयपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१. आशयपत्र पेश सम्बन्धी निवेदन,

२. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),

३. स्थायी लेखा नम्बर,

४. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,

५. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,

६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,

७. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,

८. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)

९. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण

१०. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

०७९।१०।१७

वीर बहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत